# व्यापारमा गैरभन्सार अवरोध प्रमुख समस्या

अन्नपूर्ण समाचारदाता

**काठमाडौं,** १६ वैशाख : व्यापार विस्तारमा गैरभन्सार अवरोध प्रमुख समस्याका रूपमा देखिएको विज्ञले बताएका छन्। भन्सार दर घटाउँदै लगे पनि अधिकांश मुलुकले गैरभन्सार अवरोध खडा गरेर व्यापार विस्तारमा समस्या जन्माएको उनीहरूको निष्कर्ष छ।

केही वर्षयता व्यापार विस्तारमा सहयोग पुर्‍याउन भन्सार महसुलको दर घटाउँदै लगिएको छ। बहुपक्षीय, क्षेत्रीय र द्विपक्षीय मुलुकबीच हुने व्यापार सम्झौतामा भन्सार कटौतीलाई प्रमुखताका साथ उठाउने गरिएको छ। तर यसैबीच भन्सार दरभन्दा गैरभन्सार अवरोध व्यापार विस्तारको बाधक बनेको विशेषज्ञ र सरोकारवालाले बताएका छन्।

'व्यापारमा गैरभन्सार अवरोध सबैभन्दा ठूलो समस्याका रूपमा देखिएको छ', नेपाल उद्योग वाणिज्य महासंघ र साउथ एसिया वाच अन ट्रेड, इकोनोमिक्स एन्ड इन्भायरोमेन्ट (सावती) ले सोमबार राजधानीमा आयोजना गरेको कार्यक्रममा वाणिज्य तथा आपूर्ति मन्त्रालयका पूर्वसचिव पुरु षोत्तम ओझाले भने, 'यस्तो अवरोधले स्वतन्त्र व्यापारको उद्देश्यलाई समाप्त बनाउँदै छ।' दक्षिण एसियाका मुलुकले पनि संवेदनशील सूचीमा परेका वस्तुबाहेकको भन्सार निकै घटाएको तर गैरभन्सार अवरोध खडा गर्दा व्यापार बढ्न नसकेको उनले बताए।

नेपालबाट भारत, बंगलादेश र पाकिस्तान निर्यात हुने वस्तुमा शुल्क र प्रावधानका प्रशस्त उदाहरण देखिने पूर्वसचिव ओझाले बताए। केही मुलुकले वैदेशिक मुद्रा सटहीमा परिमाण तोक्ने, पूर्वभुक्तानी माग्ने वा निक्षेप राख्न लगाउने र नाका प्रयोगमा अवरोध खडा गरिरहेको जानकारी पनि उनले दिए। 'सुदूरपश्चिमबाट जडीबुटी निर्यात गर्दा भारतीय बजारमा ट्रान्जिट ट्याक्स लगाइएको छ', उनले भने, 'औषधि निर्यातमा पनि निकै ठूलो समस्या छ।' उनले नेपालबाट निकासी हुने राँगाको मासुले सीधा चीन प्रवेश नपाएपछि भियतनाम हुँदै निर्यात हुने गरेको जानकारी उनले दिए। आन्तरिक बजारमा पनि यस्ता केही अवरोध रहेको उनले बताए। ढुवानीका साधनलाई लक्षित गरेर ढाट राख्ने, स्थानीय कर असुल्नेजस्ता प्रवृत्तिलाई उनले यसको उदाहरणका रूपमा प्रस्तुत गरे।

**भन्सार दर घटाउँदै लगिए पनि अधिकांश मुलुकले गैरभन्सार अवरोध खडा गरेर व्यापार विस्तारमा समस्या जन्माएका छन्।**

विश्वभरि नै स्वास्थ्य, सरसफाइ, क्वारेन्टाइनजस्ता विषयलाई आधार बनाएर कृषिजन्य वस्तुमा गैरभन्सार अवरोध खडा गरिएको छ। एन्टीडम्पिङ दस्तुर, कोटा प्रणाली, स्थानीय करजस्ता शुल्क र प्रावधान राखेर एक देशले अर्को मुलुकको व्यापारलाई निरुत्साहित गर्दै आएका छन्।

कार्यक्रममा साउतीका अध्यक्ष एवं अर्थविद् पोषराज पाण्डेले आगामी वाणिज्य वार्ता गैरभन्सार अवरोध हटाउने विषयमा केन्द्रित हुनुपर्नेमा जोड दिए। 'भन्सार पारदर्शी हुन्छ। यसको प्रभाव सहजै देखिन्छ', उनले भने, 'अदृश्य रूपमा प्रयोग हुने गैरभन्सार अवरोधले व्यापारमा अनेकौं झमेला खडा गर्छ र व्यापारलाई निरुत्साहित गर्छ।' उदारीकरणको प्रक्रिया सुरु भएपछि आफ्नो मुलुकको व्यापार संरक्षित गर्न यस्ता अवरोध बढाउन थालिएको उनले बताए।

सार्क चेम्बर अफ कमर्सका उपाध्यक्ष प्रदीपकुमार श्रेष्ठले अन्य क्षेत्रीय सञ्जालभन्दा सार्क कमजोर रहेको र प्रतिस्पर्धी क्षमता पनि विस्तार हुन नसकेको बताए। वाणिज्य तथा आपूर्ति मन्त्रालयका सहसचिव जीवराज कोइरालाले व्यापारलाई भन्सारले मात्रै नियन्त्रण गर्नुपर्ने बताए। विश्व व्यापार संगठनको स्थापनापछि गैरभन्सार अवरोधमा ठूलो वृद्धि भएको तथ्यांक उनले प्रस्तुत गरे। सन् १९९५ मा चार सय गैरभन्सार अवरोध देखिएकोमा सन् २०१२ मा एक हजार पाँच सय पुगेको उनले जानकारी दिए। महासंघ व्यापार समितिका सभापति शंकरप्रसाद पाण्डेले गैरभन्सार अवरोधले व्यापारमा समस्या देखाएको बताए।